# चुरे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## घरखेडा, कैलाली

प.स. ०७७।०७८
च.नं.

**विषय :-प्राकृतिक श्रोत उपयोग कार्यको ठेक्कामा दिने सम्बन्धि सूचना ।**

**प्रथम पटक प्रकाशित मिति:२०७७।४।२५**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा २ अनुसार यस गाउ क्षेत्र भित्र भएर बग्ने, IEE गरेका नदी खोलाहरूबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल, आदीको कुल संकलन घन मि. ३८४०४। मात्र बिक्रीमा प्रति घन मिटर रू.७५। (भ्याट बाहेक) का दरले नदीजन्य पदार्थमा बिक्री कर लगाईने तथा असूल गर्न सक्ने निर्णय बमोजिम आगामी आ.व.०७७।०७८ का लागि यस गाउपालिका बाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो ३० दिने सिलबन्दि आहवानको सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलका शर्तहरू</u>

१। न्यूनतम ठेक्का अंक रू २८,८०,३००। (अठ्ठाईस लाख असी हजार तीन सय मात्र) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०७८ साल जेष्ठ मसान्तसम्म कायम रहने छ ।

३। तोकिएको स्थानको सीमा रेखाभन्दा बाहिर गई, रोयल्टी संकलन गर्न पाईने छैन, तोकिएको सीमा भन्दा बाहिर गई रोयल्टी संकलन गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। वोलपत्र मिति २०७७।५।२१ गते कार्यालय समयभित्र रू ३०००। सनराईज बैंकको यस कार्यालयको खाता नं. ०८२०५२९९६३७०३००१ (संचित कोष) खातामा जम्मा गरेको भौचर पेश गरी खरीद गर्न सकिने छ साथै विद्युतीय माध्ययमबाट पेश गर्न चाहेमा www.bolpatra.gov.np/egp बाट ठेक्का फाराम डाउनलोड गर्न सकिनेछ र ठेक्का फाराम सम्बन्धि दस्तुर सनराईज बैंकको यस कार्यालयको खाता नं. ०८२०५२९९६३७०३००१ (संचित कोष) खातामा जम्मा गरी भौचर पेश गर्न सकिनेछ ।

५। वोलपत्र मिति: २०७७।५।२२ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७७।५।२२ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

७ आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको सनराईज बैंक स्थित धरौटी खाता हि.न.०८२०५२९९६३७०३००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्ने छ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्वारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम तीन तीन महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ ।

११। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको, म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१२। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत